# ओखलढुङ्गा जिल्ला अदालत

## ओखलढुङ्गा

मिति-२०७८/०२/०९

### सुचना ! सुचना !! सुचना !!!

विश्वव्यापी रुपमा फैलिरहेको नोबल कोरोना भाईरस (कोभिड-१९) को दोश्रो भेरिएन्ट नेपालमा पनि फैलिइरहेको अवस्था छ। सो को रोकथाम र नियन्त्रणका लागी जिल्ला सदरमुकामस्थित सिद्दिचरण नगरपालिकाको बैठकले मिति २०७८।१।२२ देखि मिति २०७८।०१।३१ सम्म सवारी साधन सञ्चालनमा पुर्णतया रोक लगाएको र मिति २०७८।०१।२६ को सुचनाबाट जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाले मिति २०७८।०२।०९ सम्म निषेधाज्ञा आदेश जारी गरेकोमा पुन मिति २०७८।०२।०९ को निर्णय अनुसार मिति २०७८।०२।१९ सम्म निषेधाज्ञा थप गरिएको अवस्था छ। यसै विचमा यस अदालतका माननीय जिल्ला न्यायाधीश श्री दलबहादुर के.सी. ज्युलाई मिति २०७८।०१।२६ को परिक्षणबाट कोरोना भाईरस संक्रमण भइ हाल होम आइसोलेसनमा हुनुहुन्छ। सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०१।१४ र मिति २०७८।०१।३१ समेतको पुर्ण बैठकबाट जिल्ला अदालत समेतको हकमा स्थानिय परिस्थिति एबम् जोखिमको अवस्थालाई मुल्याङ्कन गर्दै उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धित अदालतले गर्ने भनी निर्णय भए बमोजिम यस अगाडी मिति २०७८।०१।२२ र मिति २०७८।०१।३१ को निर्णयले मिति २०७८।०२।०९ सम्म सेवा संकुचन गरिएकोमा मिति २०७८।०२।१० गतेदेखि मिति २०७८।०२।१९ सम्मका लागि सेवा संकुचनलाई निरन्तरता दिइ यस अदालतबाट हुने नियमित काम कारवाही मध्ये देहाय बमोजिमका कामकारवाही मात्र सम्पादन हुने गरी यस अदालतबाट मिति २०७८।०२।०९ मा निर्णय भएको हुँदा सम्बन्धित सबै सरोकारवाला तथा सेवाग्राहीहरुलाई जानकारीको लागी यो सुचना जारी गरिएको छ।

१. म्याद थप, पक्राउ पुर्जी, कल डिटेल अनुमती र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य गर्ने।

२. अभियोग दर्ता, अभियोग पत्रसाथ पेश भएका अभियुक्तको वयान लिने, थुनछेक गर्ने।

३. बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञा सम्बन्धि निवेदन दर्ता तथा सुनुवाई गर्ने।

४. फरार प्रतिवादीहरु प्रहरी द्वारा पक्राउ गरी ल्याइएमा वयान तथा थुनछेक सम्बन्धि कार्य गर्ने।

५. फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदनसंग सम्बन्धित कार्य गर्ने।

(नोटः- उल्लेखित सेवा बाहेक अन्य सेवाहरु स्थगन गर्ने । काम कार्बाही तथा सेवाप्रवाह स्थगन भएका अवधिलाई शुन्य समय मानी सो अवधिमा मुद्दा रिट तथा निवेदनहरुमा रहेका हदम्याद र तारेख समेत नगुज्रने एवं अन्य व्यवस्थापकिय पक्षहरु अदालत प्रशासनले मिलाउने ।)

निर्णयहरु

१. सेवा संकुचन गर्ने सम्बन्धमा देहाय बमोजिमको सूचना प्रकाशन गर्ने।

विश्वव्यापी रुपमा फैलिरहेको नोबल कोरोना भाईरस (कोभिड-१९) को दोश्रो भेरिएन्ट नेपालमा पनि फैलिइरहेको अवस्था छ। सो को रोकथाम र नियन्त्रणका लागी जिल्ला सदरमुकामस्थित सिद्दिचरण नगरपालिकाको बैठकले मिति २०७८।१।२२ देखि मिति २०७८।०१।३१ सम्म सवारी साधन सञ्चालनमा पुर्णतया रोक लगाएको र मिति २०७८।०१।२६ को सुचनाबाट जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाले मिति २०७८।०२।०९ सम्म निषेधाज्ञा आदेश जारी गरेकोमा पुन मिति २०७८।०२।०९ को निर्णय अनुसार मिति २०७८।०२।१९ सम्म निषेधाज्ञा थप गरिएको अवस्था छ। यसै बिचमा यस अदालतका माननीय जिल्ला न्यायाधीश श्री दलबहादुर के.सी. ज्युलाई मिति २०७८।०१।२६ को परिक्षणबाट कोरोना भाईरस संक्रमण भइ हाल होम आइसोलेसनमा हुनुहुन्छ। सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०१।१४ र मिति २०७८।०१।३१ समेतको पुर्ण बैठकबाट जिल्ला अदालत समेतको हकमा स्थानिय परिस्थिति एवम् जोखिमको अवस्थालाई मुल्याङ्कन गर्दै उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धित अदालतले गर्ने भनी निर्णय भए बमोजिम यस अगाडी मिति २०७८।०१।२२ र मिति २०७८।०१।३१ को निर्णयले मिति २०७८।०२।०९ सम्म सेवा संकुचन गरिएकोमा मिति २०७८।०२।१० गतेदेखि मिति २०७८।०२।१९ सम्मका लागि सेवा संकुचनलाई निरन्तरता दिइ यस अदालतबाट हुने नियमित काम कारवाही मध्ये देहाय बमोजिमका कामकारवाही मात्र सम्पादन हुने गरी यस अदालतबाट मिति २०७८।०२।०९ मा निर्णय भएको हुँदा सम्बन्धित सबै सरोकारवाला तथा सेवाग्राहीहरुलाई जानकारीको लागी यो सुचना जारी गरिएको छ।

१. म्याद थप, पक्राउ पुर्जी, कल डिटेल अनुमती र जरुरी पक्राउ पुर्जीको समर्थन  सम्बन्धी कार्य गर्ने।

२. अभियोग दर्ता, अभियोग पत्रसाथ पेश भएका अभियुक्तको बयान लिने, थुनछेक गर्ने।

३. बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञा सम्बन्धि निवेदन दर्ता तथा सुनुवाई गर्ने।

४. फरार प्रतिवादीहरु प्रहरी द्वारा पक्राउ गरी ल्याइएमा बयान तथा थुनछेक सम्बन्धि कार्य गर्ने।

५. फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदनसंग सम्बन्धित कार्य गर्ने।

(नोटः- उल्लेखित सेवा बाहेक अन्य सेवाहरु स्थगन गर्ने । काम कार्बाही तथा सेवाप्रवाह स्थगन भएका अवधिलाई शुन्य समय मानी सो अवधिमा मुद्दा रिट तथा निवेदनहरुमा रहेका हदम्याद र तारेख समेत नगुज्रने एवं अन्य व्यवस्थापकिय पक्षहरु अदालत प्रशासनले मिलाउने ।)